# अर्थ बुलेटिन

वर्ष २ अंक ८ — २०७७ फागुन

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## प्रमुख आर्थिक झलकहरू

- चालु आर्थिक वर्षको फागुनसम्म प्रमुख समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्। वस्तु निकासीमा निरन्तर वृद्धि भएको छ भने पैठारी समेत बढेको छ। कुल व्यापारमा वस्तु निकासीको अंश तुलनात्मक रुपमा वृद्धि हुँदै गएको छ।
- कोरोनाको प्रभाव क्रमशः न्यून भएसँगै आर्थिक गतिविधिमा भएको विस्तारबाट राजस्व परिचालनमा पनि सुधार हुँदै गएको छ। यस अवधिमा लक्ष्यको ९२.५ प्रतिशत राजस्व संकलन भएको छ। वस्तु पैठारीमा भएको वृद्धिसँगै भन्सार विन्दुमा संकलन हुने राजस्वमा वृद्धि हुँदै गएको छ।
- तथापि, कोरोना महामारीको कारण चालु आर्थिक वर्षको शुरुका महिनामा संघीय पूँजीगत खर्च न्यून रहेको कारण समग्र खर्चमा समेत यसको प्रभाव देखिएको छ।
- वैदेशिक सहायता प्रतिवद्धता ७१.५ प्रतिशतले बढेको छ।
- वित्तीय स्थायित्वका प्रमुख सूचकहरु समग्रमा सवल रहेका छन्। वित्तीय पहुँचमा विस्तार भएको छ। नेप्से सूचकाङ्कको वृद्धिसँगै पूँजीबजार थप सबल हुँदै गएको छ। बीमाको दायरा विस्तार भई बीमा प्रिमियम संकलनमा उल्लेख्य वृद्धि भएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

# मुलुकको वर्तमान आर्थिक परिदृष्य

## संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म संघीय सरकारको कुल खर्च रू. ५ खर्व ७१ अर्ब २ करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ४ खर्व ५५ अर्ब ८२ करोड, पूँजीगत खर्च रू. ७९ अर्ब ७० करोड र वित्तीय व्यवस्था तर्फ रू. ३५ अर्ब ५१ करोड रहेको छ। यस अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु खर्च १.१ प्रतिशतले बढेको छ भने पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः १७.७ प्रतिशत र ४४.१ प्रतिशतले घटेको छ। चालु आर्थिक वर्षको शुरु देखि नै कोभिड-१९ संक्रमणको जोखिमको कारण विकास निर्माणका कार्यले वाञ्छित गति लिन नसकी पूँजीगत खर्चमा अपेक्षित वृद्धि हुन सकेको छैन। तथापि, दोस्रो चौमासिकको अन्तिम महिनामा खर्च क्रमशः बढ्दै गएको छ।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको फागुन महिनासम्मको खर्चको स्थिति** (रू. करोडमा)

| विवरण/आ.व. | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| चालु | २९३१९.३९ | ४०३११.३९ | ४०८३९.१५ | ४५०८२.३ | ४५५८१.६ |
| पूँजीगत | ५६७३.७५ | ९४१५.७ | ९०३१.०२ | ९६८४.९ | ७९६९.७ |
| वित्तीय व्यवस्था | ५०१७.७५ | ३१७१.५२ | ४२१९.४९ | ६३५२.६ | ३५५०.८ |
| कुल खर्च | ४००१०.८९ | ५२८९८.६१ | ५४०८९.६६ | ६१११९.७ | ५७१०२.१ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. कोरोनाको जोखिम कायमै रहेको अवस्था समेत चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षकै हाराहारीमा खर्च भएको छ। चालु आर्थिक वर्षको फागुन महिनासम्म कुल विनियोजित बजेटको ३८.७ प्रतिशत खर्च भएको छ। विनियोजित वजेट मध्ये चालु खर्च तर्फ ४८.० प्रतिशत, पूँजीगत खर्च २२.६ प्रतिशत र वित्तीय व्यवस्था तर्फ २०.६ प्रतिशत खर्च भएको छ।

**तालिका (ख): आर्थिक वर्ष २०७७/७८ को फागुनसम्मको खर्चको स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|
| | कुल खर्च | खर्च प्रतिशत | कुल खर्च | खर्च प्रतिशत |
| चालु | ४५०८२.२९ | ४७.१ | ४५५८१.६० | ४८.० |
| पूँजीगत | ९६८४.८७ | २३.७ | ७९६९.६७ | २२.६ |
| वित्तीय व्यवस्था | ६३५२.५६ | ३७.८ | ३५५०.८३ | २०.६ |
| **कुल** | **६१११९.७२** | **३९.९** | **५७१०२.१०** | **३८.७** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

३. आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.५ प्रतिशतले वृद्धि भई रू. ५ खर्व ७१ अर्ब २० करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ५ खर्व २७ अर्ब ६७ करोड र गैरकर राजस्व रू. ४३ अर्ब ५३ करोड रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ६ खर्व ३ अर्ब ९३ करोड पुगेको छ।

इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

### तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व. २०७७/७८ वार्षिक लक्ष्य | २०७६/७७ फागुनसम्मको संकलन | २०७७/७८ फागुनसम्मको संकलन | फागुन सम्मको लक्ष्य | लक्ष्यको तुलनामा असूली % | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **१९,३५५.४७** | **१०,१३७.३१** | **१२,६१६.०७** | **१२,७६२.२०** | **९८.८६** | **२४.४५** |
| **मूल्य अभिवृद्धि कर** | **३०,२१६.८७** | **१६,६४६.६२** | **१७,५०४.४४** | **१९,२०५.४७** | **९१.१४** | **५.१५** |
| उत्पादन, बिक्री, सेवा | ११,२०३.६२ | ७,०९१.२१ | ७,४५०.६६ | ६,६५६.७३ | १११.९३ | ५.०७ |
| पैठारी | १९,०१३.२५ | ९,५५५.४१ | १०,०५३.७८ | १२,५४८.७५ | ८०.१२ | ५.२२ |
| **अन्तःशुल्क** | **१५,५५०.४१** | **७,९७७.९५** | **८,४०५.९३** | **९,७४४.६९** | **८६.२६** | **५.३६** |
| आन्तरिक उत्पादन | ९,८९२.२९ | ४,८९६.०० | ५,०३६.०२ | ६,०१०.३३ | ८३.७९ | २.८६ |
| पैठारी | ५,६५८.१२ | ३,०८१.९५ | ३,३६९.९१ | ३,७३४.३६ | ९०.२४ | ९.३४ |
| **आयकर** | **२३,८०३.८७** | **१३,६१९.३८** | **१२,८८२.५८** | **१२,८१८.३५** | **१००.५०** | **-५.४१** |
| आयकर | २१,५०३.१३ | १२,०१४.४८ | ११,२१६.१९ | ११,१६४.३४ | १००.४६ | -६.६४ |
| ब्याज कर | २,३००.६२ | १,६०४.९० | १,६६६.३८ | १,६५४.०१ | १००.७५ | ३.८३ |
| **अन्य कर#** | **२,३६८.४०** | **१,३७३.१९** | **१,३५७.९०** | **१,३९९.९५** | **९७.००** | **-१.११** |
| **कर राजस्व जम्मा** | **९१,२९४.९०** | **४९,७५४.४५** | **५२,७६६.९२** | **५५,९३०.६६** | **९४.३४** | **६.०५** |
| **गैर कर जम्मा** | **९,८८०.९४** | **४,९२९.७२** | **४,३५३.४२** | **५,८२२.८४** | **७४.७६** | **-११.६९** |
| **कूल राजस्व जम्मा** | **१०१,१७५.८४** | **५४,६८४.१६** | **५७,१२०.३४** | **६१,७५३.५०** | **९२.५०** | **४.४५** |
| **अन्य प्राप्ति** | **-** | **३,५३७.६१** | **३,२७२.६२** | **-** | | **-७.४९** |
| **जम्मा राजस्व/प्राप्ति** | **१०१,१७५.८४** | **५८,२२१.७८** | **६०,३९२.९६** | **६१,७५३.५०** | **९७.८०** | **३.७३** |

स्रोतः अर्थ मन्त्रालय।

*# अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क संलग्न गरिएको। अन्य प्राप्तिमा गत वर्षको नगद मौज्दात र बेरूजु असुली रकम समावेश गरिएको।*


४. चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा २४.५ प्रतिशतले वृद्धि भएको छ भने आयकरको संकलनमा ५.४ प्रतिशतले कमी आएको छ।

५. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आय कर शीर्षकको राजस्व लक्ष्य भन्दा बढी संकलन भएको छ। अन्य शीर्षकको राजस्व संकलनमा केही कमी आए तापनि समग्र राजस्व संकलन लक्ष्यको ९२.५ प्रतिशत संकलन भएको छ।

६. चालु आर्थिक वर्षको फागुनसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा गैरकर, आयकर र अन्यकर संकलनमा क्रमशः ११.७ प्रतिशत, ५.४ प्रतिशत र १.१ प्रतिशतले कमी आएको छ भने अन्य शीर्षकको कर संकलनमा वृद्धि भएको छ।

७. चालु आर्थिक वर्षको फागुनसम्म भन्सार विन्दुमा संकलन हुने राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.३ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ६० अर्ब ४० करोड पुगेको छ। यस अवधिमा आन्तरिकतर्फको राजस्व परिचालन (अन्य कर सहित) ०.९४ प्रतिशतले संकुचन भई रू. २ खर्ब ६७ अर्ब २७ करोड रहेको छ।


**चार्ट (क): पछिल्लो ५ वर्षको फागुन महिनासम्मको राजस्व संकलनको प्रवृत्ति** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

८. पछिल्लो ५ वर्षको फागुनसम्म राजस्व परिचालन क्रमशः बढ्दै गएको छ। यद्यपि, पछिल्ला वर्षमा राजस्व परिचालनको वृद्धिदर भने तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ। वित्तीय संघीयताको कार्यान्वयनसँगै घर वहाल कर, रजिष्ट्रेशन कर र सवारी साधन कर परिचालनको अधिकार संघीय सरकारमा नरहने संवैधानिक व्यवस्थाको कारण पछिल्ला वर्षमा राजस्व परिचालन वृद्धिदर न्यून देखिएको हो।

**चार्ट (ख): आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ (दायाँ) को फागुनसम्मको राजस्व संकलन संरचना**




९. चालू आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्मको कुल राजस्वमा भन्सार महशुल र मूल्य अभिवृद्धि करको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र गैरकर राजस्वको हिस्सा केही घटेको छ।

## संघीय राजस्व

१०. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ४ खर्ब ८२ अर्ब २१ करोडको तुलनामा ४.४ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ३ अर्ब ५८ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ६४ अर्ब ६३ करोडको तुलनामा ४.६ प्रतिशतले वृद्धि भई रू. ६७ अर्ब ६२ करोड पुगेको छ।

## करको दायरा विस्तार

११. २०७७ फागुनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ३९ लाख ११ हजार ४ सय ६४ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १५ लाख ४८ हजार ९ सय ४ (३९.६ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २३ लाख ५४ हजार ३ सय ६० (६०.२ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ८ हजार २ सय (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ८२ हजार ५ सय २६ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ९ हजार २ सय ९८ पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | आ.व. २०७६/०७७ को फागुनसम्ममा थप | आ.व. २०७७/७८ को फागुनसम्ममा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १३५८९३४ | १८०,५०८ | १८९,९७० | १,५४८,९०४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७३४५२ | ९०८,७४३ | ३८०,९०८ | २,३५४,३६० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | ३,७४१ | ३,०९४ | ८,२०० |
| **जम्मा स्थायी लेखा नम्बर** | **३,३३७,४९२** | **१,०९२,९९२** | **५७३,९७२** | **३,९११,४६४** |
| मू.अ.कर | २५५९६३ | ३९,९६२ | २६,५६३ | २८२,५२६ |
| अन्तः शुल्क | ९४२९२ | १९,२८६ | १५,००६ | १०९,२९८ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिबद्धता

१२. आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू.१ खर्ब ९ अर्ब २८ करोडको तुलनामा ७१.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ८७ अर्ब ४४ करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता ९.७ प्रतिशत र ऋण सहायता ९०.३ प्रतिशत रहेको छ।

१३. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म द्विपक्षीय र बहुपक्षीय सहायताको हिस्सा क्रमशः ३.३ प्रतिशत र ९६.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १५.४ प्रतिशत र ८४.६ प्रतिशत रहेको थियो।

१४. कुल वैदेशिक सहायता प्रतिवद्धतामा सडक तथा सुशासन क्षेत्रमा सबैभन्दा बढी २८.८ प्रतिशत, ऊर्जा क्षेत्रमा २४.६ प्रतिशत र बजेटरी सहायताको रूपमा १२.६ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्र

१५. २०७७ माघसम्म कुल लगानीमा निष्क्रिय कर्जाको अनुपात १.८४ प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ७.५९ प्रतिशत रहेको छ।

१६. २०७६ माघसम्म ७४६ स्थानीय तहमा वाणिज्य बैंकको शाखा संख्या पुगेकोमा २०७७ माघसम्म यस्तो संख्या ७४९ पुगेको छ। त्यसैगरी २०७६ माघसम्ममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६४ रहेकोमा मर्जर प्रकृया पश्चात् २०७७ माघ मसान्तमा यस्तो संख्या १४३ कायम भएको छ। २०७६ माघ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९,५५० रहेकोमा २०७७ माघ मसान्तमा यस्तो सङ्ख्या १०,३६६ पुगेको छ।

**तालिका (ङ): माघसम्मको वित्तीय परिसूचकहरू**

| वित्तीय सूचकहरु | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | |
| कुल निक्षेप | १०२.५८ | १०२.९२ | ११४.१२ |
| कुल कर्जा | ९१.९३ | ९२.०६ | ९९.४५ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | |
| निष्कृय कर्जा | १.७५ | १.७७ | १.८४ |
| विपन्न क्षेत्र कर्जा | ६.६१ | ७.०० | ७.५९ |
| **वित्तीय पहुँचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | १५७ | १६४ | १४३ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (संख्यामा) | ७७३१ | ९५५० | १०३६६ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (संख्यामा) | ७११ | ७४६ | ७४९ |
| कुल निक्षेप खाता (संख्या लाखमा) | २५६.५८ | ३११.१२ | ३४६.७२ |
| कुल कर्जा खाता (संख्या लाखमा) | १३.६० | १४.९८ | १६.०२ |
| एटिएम (संख्यामा) | ३०४९ | ३,६६२ | ४,२५४ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.६७ | ६.७८ | ४.८६ |
| कर्जा | १२.३५ | ११.९४ | ८.८९ |

स्रोतः नेपाल राष्ट्र बैंक।

## बीमा क्षेत्र

१७. चालु आर्थिक वर्षको फागुन महिनासम्म जारी भएका कुल बीमालेख संख्यामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.९ प्रतिशतले वृद्धि भई १ करोड १ लाख ७६ हजार २ सय ९० पुगेको छ। जसमध्ये जीवन बीमालेख र निर्जीवन बीमा लेखको हिस्सा क्रमशः ८०.५ प्रतिशत र १९.५ प्रतिशत रहेको छ। अघिलो वर्षको फागुन मसान्तमा यस्तो हिस्सा क्रमशः ८१.४ प्रतिशत र १८.६ प्रतिशत रहेको थियो।

१८. यस अवधिमा संकलन भएको बीमा प्रिमियम रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३०.९ प्रतिशतले वृद्धि भई रू. १ खर्ब २ अर्ब ४० करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रू. ७८ अर्ब २५ करोड रहेको थियो।


१९. यस अवधिको बीमा प्रिमियम संकलनमा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८०.३ प्रतिशत र १९.७ प्रतिशत रहेको छ।

२०. २०७७ फागुनसम्म वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसंख्या २५.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसंख्या २२.९ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२१. २०७६ फागुन मसान्तमा १३७७.१८ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७७ फागुन मसान्तमा २४५८.४९ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ९२.४ प्रतिशतले वृद्धि भई रू. ३३ खर्ब ८७ अर्ब ३४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. १७ खर्ब ६० अर्ब ९३ करोड रहेको थियो।


### चार्ट (ग): पछिल्लो ५ वर्षको फागुन मसान्तको नेप्से सूचकांक




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२२. २०७७ फागुन २ गते ४९३.५९ विन्दुमा रहेको नेप्से सूचकाङ्क फागुन ९ गते सबैभन्दा उच्च २६४०.३५ विन्दुमा कायम रही कारोबार भएको अन्तिम दिन फागुन २६ गते २४५८.४९ विन्दु कायम भएको छ।

### चार्ट (घ): २०७७ फागुन महिनाको नेप्से सूचकांकको प्रवृत्ति




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

२३. २०७७ माघमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फिति २.७० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ६.८७ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.०२ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति २.४४ प्रतिशत रहेको छ। २०७६ माघको तुलनामा फलफूल उपसमूहको मूल्यवृद्धि १८.८४ प्रतिशत, घ्यू तथा तेल उपसमूहको मूल्यवृद्धि १८.१४ दाल तथा गेडागुडी उपसमूहको मूल्यवृद्धि १०.४१ प्रतिशत र सूर्तीजन्य वस्तुहरूको मूल्य वृद्धि १०.४१ प्रतिशत रहेको छ।

## वस्तु निकासी

२४. आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.८ प्रतिशतले वृद्धि भई रू. ८० अर्ब ७८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू. ७४ अर्ब ९१ करोड रहेको थियो।

२५. यस अवधिमा भटमासको प्रशोधित तेल, चिया, जमोट कपडा, अलैंची लगायतका वस्तुको निकासी बढेको छ भने सेन्थेटिक यार्न, फलफूलको जुस, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निकासी घटेको छ।

२६. चालु आर्थिक वर्षको फागुनसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७२.० प्रतिशत, ०.८ प्रतिशत र २७.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ६३.० प्रतिशत, २.२ प्रतिशत र ३४.८ प्रतिशत रहेको थियो।

### तालिका (च): फागुनसम्म निकासी भएका प्रमुख १०

(रू. करोडमा)

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ७५२.१५ | २३१२.६२ | २०७.५ |
| सेन्थेटिक यार्न | ५९२.२ | ५०१.१४ | -१५.४ |
| अलैंची | ३२२.६२ | ४९५.२ | ५३.५ |
| उनी गलैंचा कार्पेट | ४९०.१७ | ४७४.९५ | -३.१ |
| तयारी कपडा | ३७९.४९ | ३६१.७१ | -४.७ |
| चिया | १८५.२४ | ३००.२२ | ६२.१ |
| जुटका बुनिएका कपडा | २२३.९६ | २९१.१७ | ३०.० |
| जमोठ कपडा | १६९.६९ | २७४.८४ | ६२.० |
| फलफुलको जुस | २५१.७२ | २३८.२७ | -५.३ |
| अन्य कपडा # | २१९.४५ | २२७.५ | ३.७ |
| अन्य | ३९०३.९८ | २६००.१५ | -३३.४ |
| **जम्मा** | **७४९०.६७** | **८०७७.७७** | **७.८** |

स्रोतः भन्सार विभाग । # उनी, सुती, टेरीकटन बाहेकका

२७. यस अवधिमा भारत तर्फको वस्तु निकासी ५०.९ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निकासी ५४.६ प्रतिशतले घटेको छ।

## वस्तु पैठारी

२८. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्म कुल वस्तु पैठारीमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा सिमान्त वृद्धि देखिएको छ। यस अवधिमा कुल पैठारी रू. ९ खर्ब ४३ अर्ब ९९ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रू. ९ खर्ब २४ अर्ब २४ करोड रहेको थियो।

### तालिका (छ) : फागुनसम्म पैठारी भएका प्रमुख १० वस्तुहरू

(रू. करोडमा)

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ६७०३.२१ | ४७३९.५३ | -२९.३ |
| एम.एस.विलेट | ३२२४.६२ | ४४४५.९ | ३७.९ |
| मोवाइल टेलिफोन | १४३७.०४ | २६३०.५५ | ८३.१ |
| भटमासको तेल (कच्चा) | ११३६.२१ | २५०२.३३ | १२०.२ |
| एल. पि. ग्यास | २१६३.९४ | २१०५.२७ | -२.७ |
| तयारी कपडा | २११४.४७ | २००८.९४ | -५.० |
| पेट्रोल | २३९८.४१ | १९२६.७७ | -१९.७ |
| चामल | १४३२.२४ | १९१७.५ | ३३.९ |
| एच.आर.सिट | १८४८.६६ | १८०४.१७ | -२.४ |
| अन्य कोइला | १३५५.०२ | १७८०.९२ | ३१.४ |
| अन्य | ६८६१०.४१ | ६८५३६.९३ | -०.१ |
| **जम्मा** | **९२४२४.२३** | **९४३९८.८१** | **२.१** |

स्रोतः भन्सार विभाग ।

२९. यस वर्ष प्रशोधित भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, एम. एस. विलेट, चामल लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, पेट्रोल, तयारी कपडा लगायतका वस्तुको पैठारी घटेको छ।


३०. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६५.९ प्रतिशत, १४.४ प्रतिशत र १९.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६४.५ प्रतिशत, १४.६ प्रतिशत र २०.८ प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारत तर्फको वस्तु पैठारी १.६ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको पैठारी २.० प्रतिशतले घटेको छ।

## व्यापार सन्तुलन

३२. आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्मको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.६ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ६३ अर्ब २१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रू. ८ खर्ब ४९ अर्ब ३३ करोड थियो।


### चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको फागुनसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)




स्रोतः भन्सार विभाग

३३. तुलनात्मक रुपमा वस्तु निकासी वृद्धिदर बढी देखिए तापनि पैठारी व्यापारको आकार बढी भएको कारण वस्तु व्यापार घाटा १.६ प्रतिशतले वृद्धि भएको छ।

### चार्ट (च) : पछिल्लो ५ आर्थिक वर्षको फागुनसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग।

३४. यस अवधिको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः ७.९ प्रतिशत र ९२.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३५. आर्थिक वर्ष २०७७/७८ को माघसम्म कुल सेवा आय गत वर्षको सेवा आय रू. १ खर्ब ६ अर्ब ५० करोडको तुलनामा ५५.२ प्रतिशतले संकुचन भई रू. ४७ अर्ब ७३ करोड रहेको छ। साथै यस अवधिमा सेवा खर्चमा २७.२ प्रतिशतले संकुचन भई रू. ७९ अर्ब ७५ करोड रहेको छ।

३६. चालु आर्थिक वर्षको माघसम्म खुद सेवा आय रू. ३२ अर्ब ३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू. ३ अर्ब ८ करोडले घाटामा रहेको थियो। पर्यटन आयमा उल्लेख्य कमी आएको कारण खुद सेवा आय घाटा उच्च देखिएको हो।

## विप्रेषण आप्रवाह

३७. आर्थिक वर्ष २०७७/७८ को माघसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको रू. ५ खर्ब ११ अर्ब ९४ करोडको तुलनामा १०.९ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ६७ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह ०.७ प्रतिशतले घटेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३८. आर्थिक वर्ष २०७७/७८ को माघसम्म शोधनान्तर स्थिति रू. ९७ अर्ब ३६ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. २१ अर्ब ६१ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. १ खर्ब १ अर्ब ९० करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू. १ खर्ब ६ अर्बले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

३९. आर्थिक वर्ष २०७६ माघ मसान्तमा रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७७ को सोही अवधिमा ४०.७ प्रतिशतले बढेर १४ खर्ब ६२ अर्ब ३ करोड पुगेको छ।

४०. आर्थिक वर्ष २०७७/७८ को माघसम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १३.१ महिनाको वस्तु आयात र ११.९ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

४१. २०७७ असार मसान्तको तुलनामा २०७७ फागुनमसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ३.६२ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११६.१६ पुगेको छ। २०७७ असार मसान्तमा यस्तो विनिमय दर रू.१२०.३७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### पर्यटक आगमन

४२. सन् २०२१ को फेब्रुअरीसम्म हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८७.४ प्रतिशतले न्यून भई १८ हजार २० रहेको छ। सन् २०२० को सोही अवधिमा यस्तो सङ्ख्या १ लाख ४३ हजार ४७ रहेको थियो। तर, सन् २०२१ जनवरी महिनाको तुलनामा फेब्रुवरी महिनामा पर्यटक आगमन ३.१ प्रतिशतले वृद्धि भएको छ। कोभिड-१९ महामारीको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा पर्दै आएको छ।

### कम्पनी दर्ता

४३. आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म दर्ता भएका कम्पनीको संख्या १६ हजार ९ सय ३० रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २२.४ प्रतिशतले वृद्धि भई २० हजार ७ सय २८ पुगेको छ। कोरोना महामारीको संक्रमण दर क्रमशः न्यून हुँदै गएकोले आर्थिक व्यवसाय सञ्चालन क्रमशः सुधारोन्मूख हुँदै गएको छ।

### विदेशी लगानी प्रतिवद्धता

४४. आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्म विदेशी लगानीमा दर्ता भएका उद्योगको संख्या (उद्योग विभागमा दर्ता भएका) मा कमी आई १३२ कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सो सङ्ख्या १७३ रहेको थियो। त्यस्ता उद्योगमा कुल प्रस्तावित लगानीमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.३ प्रतिशतले कमी आई रू. २५ अर्ब ४२ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल प्रस्तावित विदेशी लगानी रू. २९ अर्ब ६७ करोड रहेको थियो।

## नीतिगत तथा कानूनी विषय र राय परामर्श

४५. मिति २०७७/११/३ मा सहलगानी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ को सूचना राजपत्रमा प्रकाशनको लागि मुद्रण विभागमा पठाईएको।

४६. मिति २०७७/११/।१० मा राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ बमोजिम नियुक्त पदाधिकारीहरुको पारिश्रमिक एवं सेवा सुविधा सम्बन्धी सूचना राजपत्रमा प्रकाशनको लागि मुद्रण विभाग पठाईएको।

४७. नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थाबाट Institute of Internal Auditors India (IIA-India) सँगको Mutual Recognition Agreement को स्वीकृति मागका सम्बन्धमा विभिन्न विषयहरु समावेश गरी Mutual Recognition Agreement गर्न सहमति प्रदान गरिएको।

४८. अर्थ मन्त्रालयको स्वामित्वमा रहेको नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको ४,४०,३९,०५१ कित्ता शेयर अभौतिकीकरणको लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा पठाइएको।

४९. Emerging Nepal Limited ले जारी गरेको हकप्रद शेयर खरिद गर्ने सम्बन्धमा वित्तीय व्यवस्था अन्तर्गत शेयर लगानी शीर्षकबाट रू. २,५०,२००।०० उपलब्ध गराउने निर्णय भएको।

५०. नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, कर्मचारी सेवा शर्त (पहिलो संशोधन) विनियमावली, २०७७ र दरवन्दी तथा सांगठनिक संरचना लोकसेवा आयोगबाट प्राप्त परामर्श समेतको आधारमा स्वीकृति प्रदान गरिएको।

५१. आगामी आर्थिक वर्ष २०७८/७९ का लागि प्रस्तावित सहलगानीका आयोजनाहरुको प्राविधिक मूल्याङ्कन गर्न सम्बन्धित मन्त्रालयमा रहेका प्राविधिक समितिमा प्रस्तावहरु पठाइएको ।

## मन्त्रालयका गतिविधिहरू

५२. अन्तर्राष्ट्रिय व्यापार वा भन्सार जाँचपाससँग सम्बन्धित सिफारिशपत्र, अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र र अन्य निवेदन नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window-NNSW) मार्फत कार्यान्वयनमा ल्याउन निकासी तथा पैठारीकर्ताले पेश गर्ने कागजात अनलाइन मार्फत कार्यान्वयन गर्ने कार्य शुरु भएको छ।

## अन्य गतिविधिहरू

५३. माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलको समुपस्थितिमा मिति २०७७ फागुन ५ गते अर्थ मन्त्रालयमा पूर्व सचिवहरूसँग आर्थिक वर्ष २०७८/७९ को बजेट तयारी सम्बन्धी बैठक सम्पन्न भएको छ। कोभिड-१९ पछिको आर्थिक पुनरूत्थानतर्फ ध्यान केन्द्रित गर्न पूर्व अर्थ सचिवहरूले सुझाव दिनु भएको थियो।

५४. मिति २०७७ फागुन १४ गते नेपाल सुनचाँदी व्यवसायी रत्न तथा आभुषण महासंघका पदाधिकारीहरूले माननीय अर्थमन्त्रीज्यू समक्ष सुनचाँदी व्यवसायको क्षेत्रमा गरिनुपर्ने सुधारका सम्बन्धमा ज्ञापनपत्र पेश गर्नु भएको छ।

५५. मिति २०७७ फागुन १७ गते माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी वर्षको बजेटबारे नेपाली सेनासँग छलफल गर्नु भयो। नेपाली सेनाद्वारा भूकम्पबाट क्षति भएका संरचना लगायतका पूर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्था हुन अनुरोध भएको छ।

५६. मिति २०७७ फागुन १७ गते नेपाल उद्योग परिसंघका पदाधिकारीद्वारा 'मेक इन नेपाल-स्वदेशी' अभियानबारे माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई जानकारी गराइएको छ। अवधारणा राम्रो भएको र यसबारे थप छलफल गरेर अघि बढने अर्थमन्त्री पौडेलले बताउनु भएको छ।

५७. अर्थ मन्त्रालयले १ सय १३ वटा स्थानीय तहमा निर्माणाधिन स्वास्थ्य सेवा केन्द्रका लागि रू. १ अर्ब ८ करोड ५३ लाख २३ हजार रकम निकासा गरेको छ।